म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१६ अङ्क:- ११६ २०८१ चैत ४ गते सोमबार 17 March 2025, Monday - पृष्ठ ४ मूल्य रु. ५/-

**सदस्यता नवीकरण गर्ने सम्बन्धी सूचना**

जेसीआई हेटौंडाको विधान अनुसार २०२५ को मार्च महिना भित्र सदस्यता नवीकरण कार्य गरी सक्नुपर्ने भएकोले सम्बन्धित सम्पूर्ण सदस्यहरु ज्यूहरुलाई समयमै सम्पर्क राखी २०२५ मार्च ३१ तारिख (२०८१ चैत १८ गते) सोमबार साँझ ५ बजेसम्ममा सदस्यता नवीकरण कार्य गर्नुहुन यसै सूचना मार्फत जानकारी गराईन्छ ।

**नोट** : सदस्यता नवीकरण वापतको शुल्क रु ३०००/- तपशिलमा उल्लेखित जेसीआई हेटौंडाको बैंक खाता/QR कोडमा जम्मा गरी स्क्रिनसट समेत पठाउन सक्नु हुनेछ ।

**तपशिल**
Siddhartha Bank
Hetauda
Account Name : JCI HETAUDA
Account Number : ०२५१७१२३६६०

जेसी विजय गोपाली
कोषाध्यक्ष, सम्पर्क नं. ९८५५०७१०४५
जेसीआई हेटौंडा वर्ष २०२५

# पूर्वप्रधानमन्त्रीको फोटो जलाउने बमले गल्ती स्वीकारेपछि प्रहरीले छाड्यो

**समाज संवाददाता**

हेटौंडा : पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको फोटो जलाएपछि पक्राउ परेका राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) निकट राष्ट्रिय प्रजातान्त्रिक युवा सगठनको केन्द्रीय समिति सचिव निराजन बमले गल्ती स्वीकारेपछि प्रहरीले छाडिदिएको छ । आइतबार मध्यान्ह १२ बजेको समयमा चितवन प्रहरीले पक्राउ गरेका बमलाई आइतबार साँझ पौने ८ बजेको समयमा मकवानपुर प्रहरीले छाडिदिएको हो । प्रहरीले छाडेपछि बमलाई राप्रपाका नेता कार्यकर्ताले अबीर र खादाले स्वागत गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालका अनुसार जिल्ला प्रशासन कार्यालय मकवानपुरमा प्रमुख जिल्ला अधिकारी स्किम श्रेष्ठ, नेकपा माओवादी केन्द्र मकवानपुरका अध्यक्ष भीम पाखिन, बागमती प्रदेश सभा सदस्य प्रेमबहादुर पुलामी, राप्रपा मकवानपुरका अध्यक्ष सागर थापा, बागमती प्रदेश सभा सदस्य ज्ञानुजंग लामाको उपस्थितिमा छलफलपश्चात बमले प्रहरी



*प्रहरीले हिरासतमुक्त गरेपछि निराजन बमलाई पार्टीका नेता, कार्यकर्ताले लगाइदिएको अविर र खादा ।*

कार्यालयमा गल्ती स्वीकारेपछि छाडिएको हो । प्रहरीले बमलाई राप्रपा मकवानपुरका अध्यक्ष सागर थापाको जिम्मामा छाडेको प्रवक्ता अर्यालले बताउनुभयो ।

शनिबार राष्ट्रिय प्रजातान्त्रिक युवा संगठन मकवानपुरको अधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्ने क्रममा बमले पूर्वप्रधानमन्त्री पुष्पकमल दाहालको फोटो जलाएका थिए । पूर्वप्रधानमन्त्रीको फोटो जलाएको भन्दै चौतर्फी विरोध भएपछि प्रहरी हेडक्वार्टरबाटै बमलाई पक्राउ गर्न प्रहरीलाई सर्कुलर गरिएको थियो । शनिबार हेटौंडाको कार्यक्रम सकिएपछि चितवन पुगेका बम आइतबार मध्यान्ह १२ बजेको समयमा भरतपुर विमानस्थलबाट काठमाडौं जान लाग्दा प्रहरीले पक्राउ गरेको थियो ।

चितवन प्रहरीले बमलाई आइतबार दिउँसो मकवानपुर प्रहरीको जिम्मा लगाएको थियो । स्रोतका अनुसार राष्ट्रिय प्रजातान्त्रिक युवा संगठनको आसन्न महाधिवेशन लक्षित गरी बमले आफूलाई चर्चामा ल्याउन पूर्वप्रधानमन्त्रीको फोटो जलाएका हुन् । बिक्रम पाण्डे निकटका बम संगठनको नेतृत्वको दावी गर्नका लागि चर्चामा रहने रणनीतिबाट प्रेरित भएर औपचारिक कार्यक्रममा पूर्वप्रधानमन्त्रीको फोटो जलाउने प्रयास भएको स्रोतको भनाइ छ । संगठनको महाधिवेशन यही चैत १६ गतेदेखि काठमाडौंमा आयोजना हुँदैछ । प्रहरीले पनि चर्चामा आउनकै लागि बमले पूर्वप्रधानमन्त्रीको फोटो जलाएको निश्कर्ष निकालेको छ ।

## प्रधानमन्त्री कप क्रिकेट प्रतियोगिता

# बागमतीको निराशजनक हार

**समाज संवाददाता**

हेटौंडा : नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा सञ्चालन भइरहेको प्रधानमन्त्री (पीएम) कप क्रिकेट प्रतियोगितामा बागमती प्रदेशको टिमले निराशाजनक हार व्यहोरेको छ । लुम्बिनी प्रदेशसँग आइतबार भएको समूह चरणको चौथो खेलमा बागमती प्रदेको टिमले निराशाजनक हार व्यहोरेको हो । दाङ जिल्लाको लमही क्रिकेट रंगशालामा भएको खेलमा लुम्बिनी प्रदेशले बागमती प्रदेशलाई ४८ रनले पराजित गरेको छ । १ सय १६ रनको झिनो लक्ष्य पछ्याएको बागमती प्रदेशको टिम ६७ रन बनाउँदै अलआउट भएपछि बागमती प्रदेशले निराशाजनक हार व्यहोर्न बाध्य भएको हो ।

टस जितेर पहिले व्याटिङ गरेको लुम्बिनीले ३२ ओभर ४ बलमा १ सय १५ रन बनाउँदै अल आउट हुन पुगेको थियो । लुम्बिनी प्रदेशका लागि आकाश त्रिपाठीले ५३ बलमा सर्वाधिक ३३ रन बनाएका थिए । मनिष थापाले ३५ बलमा र देव खनालले २७ बलमा समान १५-१५ रन बनाएका थिए । अन्य व्याट्सम्यानले दोहारो अंकको रन जोड्न सकेनन् । बागमती प्रदेशका लागि गौतम केसीले सर्वाधिक ४ विकेट लिएका थिए । यस्तै सूर्य तामाङ र इशान पाण्डेले समान २/२ विकेट लिएका थिए । मकवानपुरे खेलाडी रिजन ढकालले १ विकेट मात्र लिए ।

१ सय १६ रनको लक्ष्य पछ्याएर जवाफी व्याटिङ्मा उत्रिएको बागमती प्रदेशको टिमले २२ ओभर ५ बलमा ६७ रन बनाउँदै सबै विकेट गुमाउनु परेको थियो । बागमतीका लागि ओपनिङ व्याटिङ गरेका आशुतोष घिरैयाले १५ बलमा ११ रन मात्र बनाए । कप्तान पृथु वास्कोटाले २५ बलमा १५ रन, सुमन सुनारले २८ बलमा ११ रन बनाए । बागमती प्रदेशका अन्य व्याट्सम्यानले दोहोरो अंकको रन जोड्न सकेनन् ।

बलिङतर्फ लुम्बिनीका विप्रसन केसीले ६ ओभरमा १३ रन खर्चेर ३ विकेट लिएका थिए भने अजय चौहानले ६ ओभरमा १३ रन खर्चेर ३ विकेट लिएका थिए । निर्मल गुरुङले ५ ओभरमा १९ रन खर्चेर र रमेश कुर्मीले ५ ओभरमा १५ खर्चेर समान २/२ विकेट लिए । प्लेयर अफ द म्याच लुम्बिनीका विप्रशन केसी घोषित भएका छन् । समूह चरणको पहिलो खेलमा बागमतीको टिम सशस्त्र प्रहरी बलको एपीएफसँग, दोस्रो खेलमा आर्मीको टिमसँग पराजित भएको थियो भने तेस्रो खेलमा सुदूरपश्चिम प्रदेशलाई पराजित गरेको थियो । मंगलबार हुने समूह चरणको खेलमा बागमती प्रदेशले गण्डकी प्रदेशको टिमसँग प्रतिस्पर्धा गर्नुपर्नेछ ।

# मकवानपुरमा एसईईको तयारी पूरा

**समाज संवाददाता**

हेटौंडाः बिहीबारदेखि सुरु हुने माध्यमिक शिक्षा परीक्षा(एसईई)को तयारी मकवानपुर जिल्लामा पूरा भएको छ । मकवानपुरको १० पालिकामा प्रश्नपत्र र उत्तर पुस्तिकाहरु पुगेसँगै एसईईको तयारी पूरा भएको हो ।

एसईईका लागि मकवानपुर जिल्लामा २८ वटा परीक्षा केन्द्र तोकिएको शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख सुदिप गिरीले जानकारी दिनुभयो । परीक्षा सञ्चालनका लागि २८ जना केन्द्राध्यक्ष, ५१ जना सहायक केन्द्राध्यक्ष, ३७४ निरीक्षक, ७६ परीक्षा सहायक, १५० कार्यालय सहयोगी, ४२० जना सुरक्षाकर्मी खटाएको उहाँले बताउनुभयो ।

मकवानपुर जिल्लाबाट यस वर्ष ७ हजार ४ सय ५६ जना विद्यार्थीले एसईईको लागि आवेदन फारम भरेको इकाई प्रमुख गिरीले जानकारी दिनुभयो । ग्रेडवृद्धिका लागि साधारणतर्फ १ हजार ४ सय ९५ र प्राविधिक धारतर्फ ९६ जनाले परीक्षा आवेदन फारम भरेको उहाँले बताउनुभयो ।

मकवानपुरमा गत वर्ष २६ वटामात्रै परीक्षा केन्द्र तोकिएको थियो । परीक्षार्थीको सुविधालाई मध्यनजर गर्दै कैलाश गाउँपालिकाको नामटारस्थित कालिका माध्यमिक विद्यालय र हेटौंडा-४, कर्रास्थित श्रमिक माध्यमिक विद्यालयमा परीक्षा केन्द्र थप गरिएको प्रमुख गिरीले जानकारी दिनुभयो ।

# ढुंगाखानी तथा टिप्पर व्यवसायीसँग अन्तरक्रिया



**समाज संवाददाता**

हेटौंडाः जिल्ला प्रहरी कार्यालय मकवानपुर, जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुर र ढुंगाखानी तथा टिप्पर व्यवसायीबीच अन्तरक्रिया कार्यक्रम भएको छ । सवारी क्षमताभन्दा बढी ओसारपसार गर्ने तथा जोखिमपूर्ण तरिकाले ढुवानी गर्ने गरेको जनगुनासोपछि आइतबार व्यवसायीसँग अन्तरक्रिया गरिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

ढुंगाखानीबाट सिमेन्ट फ्याक्ट्रीसम्म ढुंगा एवम् कच्चापदार्थ ढुवानी गर्दा ट्राफिक नियमको पालना र सुरक्षित तरिकाले ढुवानी गर्न अन्तरक्रियामा जोड दिइएको छ । जिल्ला प्रहरी कार्यालय मकवानपुरको सभाहलमा भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्का, प्रहरी नायव उपरीक्षक श्यामु अर्याल, जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरका प्रमुख केशव अधिकारी, व्यवसायी कृष्ण कार्की, सुमन बिष्ट, नवराज खतिवडा, उदय बिडारीलगायत टिप्पर व्यवसायी तथा चालकहरुको उपस्थिति थियो ।

# उत्प्रेरणा तथा क्षमता अभिवृद्धि कार्यक्रम

**समाज संवाददाता**

हेटौंडा : हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा कार्यालयको आयोजना तथा टोल विकास संस्था नगर समन्वय समितिको व्यवस्थापनमा युवा उत्प्रेरणा तथा क्षमता अभिवृद्धि कार्यक्रम सम्पन्न भएको छ । हातमा शक्ति, कदममा गति, हृदयमा उर्जा र आँखामा सपना भर्ने उद्देश्य भन्ने मूल मर्मका साथ शनिबार कार्यक्रम आयोजना गरिएको हो ।

टोल विकास संस्था नगर समन्वय समिति हेटौंडा उपमहानगरपालिकाका अध्यक्ष ध्रुव अधिकारीको अध्यक्षता तथा हेटौंडा उपमहानगर पालिकाकी प्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा नगरप्रमुख लामाले उपमहानगरले युवालाई उद्यमी र कृषिसँग जोड्न प्रयास गरिरहेको जानकारी दिनुभयो । युवामा भएको वितृष्णालाई निराकरण गर्न कार्यक्रमले सहयोग पुग्ने उहाँको भनाई छ । लागूऔषध दूर्व्यसनले समाज असुरक्षित बन्दै गएको जानकारी दिनुहुँदै उहाँले सभ्य र सुरक्षित समाज निर्माणमा सबैले ऐक्यवद्धता जनाउन आग्रह गर्नुभयो ।

कार्यक्रममा विद्यावारिधी उपाधि हासिल गर्नुभएका भिमप्रसाद तिमल्सिना, सुमार्गी हुमागाईं, अर्पण पराजुली, रामबहादुर भण्डारी, लिलानाथ ढुंगेललाई सम्मान गरिएको थियो । यस्तै हेटौंडा-४ की बालमैत्री सहजकर्ता अमिशा अधिकारीलाई पनि सम्मान गरिएको छ । सिमोन न्यौपाने र नवराज फूयाँलले युवा उत्प्रेरणा तथा क्षमता अभिवृद्धि कार्यक्रममा सहजीकरण गर्नुभयो । कार्यक्रममा वडाध्यक्ष नविन सिग्देलको विशिष्ट आतिथ्य रहेको थियो ।

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

**ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

**(HRL)**

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि **HRL**

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

हार्दिक बधाई



आशिष श्रेष्ठ



ग्रेस श्रेष्ठ

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्यान्सन) को **१६औं राष्ट्रिय महाधिवेशनबाट** उपाध्यक्ष निर्वाचित हुनुभएका यस तुल्सीमेहर मेमोरियल सेकेण्डरी स्कूलका संस्थापक **आशिष श्रेष्ठ**, सर्वसम्मत सहकोषाध्यक्षमा निर्वाचित हुनुभएकी हेटौंडा-३, बसामाडीस्थित शिक्षा विकास शिशु सदनकी संस्थापक प्रिन्सीपल **ग्रेस श्रेष्ठ**सहित नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

रघुनाथ (आरएन) खराल, प्रिन्सीपल
**एवम् तुल्सीमेहर मेमोरियल सेकेण्डरी स्कूल परिवार**
हेटौंडा-१०, मकवानपुर

## सम्पादकीय

# सूर्तीजन्य पदार्थको नियमन

नेपालमा सूर्तीजन्य पदार्थको उत्पादन, बेचबिखन र उपभोगलाई व्यवस्थित गर्न १३ वर्षअघि ऐन बनेको छ । सूर्तीजन्य पदार्थ नियन्त्रण र नियमित गर्ने ऐन-२०६८ मा सूर्तीजन्य पदार्थको जथाभावी उत्पादन, बेचबिखन र सेवन गर्ने कार्यलाई नियमन र नियन्त्रण गर्ने थुप्रै कानुनी व्यवस्था छ । ऐन लागू भएको दशकौंसम्म पनि ती व्यवस्थाहरु प्रभावकारी कार्यान्वयन हुन सकेको छैन । गत मंगलबार जिल्ला प्रशासन कार्यालय मकवानपुरले निषेधित क्षेत्रमा सूर्तीजन्य पदार्थ बिक्री वितरणमा कडाइ गर्ने भन्दै सूचना जारी गरेको छ । ऐनमा भएको व्यवस्थाअनुसार निषेधित क्षेत्रमा सूर्तीजन्य पदार्थ बिक्री वितरण भए नभएको अनुगमन गर्ने र ऐनबमोजिम नभए कारबाही गर्ने बताइएको छ । ऐनमा व्यवस्था भएबमोजिमका अधिकांश प्रावधान हालसम्म पनि लागू हुन सकेको छैन । ऐनले सार्वजनिक स्थानमा सूर्तीजन्य पदार्थको प्रयोगमा रोक लगाएको भए पनि त्यसो हुन सकेको छैन । सूर्तीजन्य पदार्थको खपत कम गर्न राज्यले अवलम्बन गरेका ऐन, नियम तथा नीतिको कार्यान्वयन नहुँदा विभिन्न समस्या सिर्जना भइरहेका छन् ।

सूर्तीजन्य पदार्थको जथाभावी बिक्री वितरण र सेवन गर्ने क्रम बढ्दै गइरहेको अवस्थामा प्रशासनको खबरदारी सान्दर्भिक छ । सूर्तीजन्य पदार्थ नियन्त्रण र नियमित गर्ने ऐनले शिक्षण तथा स्वास्थ्य संस्था, बाल कल्याण गृह, शिशु स्याहार केन्द्र, वृद्धाश्रम, अनाथालयलगायत नेपाल सरकारको राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको सार्वजनिक स्थलबाट कम्तिमा एक सय मिटरभित्र घर, पसलबाट सूर्तीजन्य पदार्थ बिक्री वितरण गर्न गराउन नपाउने व्यवस्था गरेको छ । ऐनले निषेधित गरेको क्षेत्रभित्रै सूर्तीजन्य पदार्थ बिक्री वितरण हुने गरेको छ । विद्यालय तथा क्याम्पस वरपरका अधिकांश चिया खाजा खाने होटलमा चुरोट तथा अन्य सूर्तीजन्य पदार्थको बिक्री र सेवन हुने गरेको छ । बालबालिका तथा किशोरकिशोरीहरु विद्यालय पोशाकमै चुरोट सेवन गरेर बसेको भेटिन्छ । १८ वर्षमुनिका बालबालिकालाई सूर्तीजन्य पदार्थ बिक्री गर्न नपाइने कानुनी व्यवस्था भए पनि सिमित नाफाको लोभमा व्यवसायीले निर्वाधरुपमा सूर्तीजन्य पदार्थ बेच्ने गरेका छन् ।

सडक, होटल, पार्कलगायत सार्वजनिक स्थानमा चुरोटलगायत सूर्तीजन्य पदार्थ सेवन गर्न ऐनले निषेध गरेको भए पनि अधिकांश होटलमा खुलेआम बिक्री र सेवन हुने गरेका छन् । कतिपय सरकारी कार्यालय परिसरमा पनि सूर्तीजन्य पदार्थको बिक्री तथा सेवन भइरहेको देखिन्छ । रेष्टुरेण्ट, होटल र चिया पसलहरुमा धुमपान गर्नको लागि छुट्टै क्षेत्रको व्यवस्था गर्नुपर्ने भएपनि त्यसको कार्यान्वयन हुन सकेको छैन । सूर्तीजन्य पदार्थ बिक्री गर्नका लागि अनुमति लिएर छुट्टै पसल सञ्चालन गर्नुपर्ने कानुनी व्यवस्था पनि पूर्ण कार्यान्वयनमा आउन सकेको छैन । जुनसुकै पसलबाट, जुनसुकै समयमा, जोसुकैले चुरोट, सुर्ती किन्न पाइने र जहाँ पनि सेवन गर्ने सुविधाले धुमपान गर्नेलाई प्रोत्साहन मिलिरहेको छ । आफ्नो व्यवसाय चलाउनकै लागि होटल तथा पसल सञ्चालकले कानूनी व्यवस्थाको उल्लंघन गर्दा सूर्तीजन्य पदार्थ नियन्त्रण र नियमनमा समस्या भइरहेको छ ।

सरकारले सार्वजनिक ठाउँमा सूर्तीजन्य पदार्थको सेवनमा बन्देज लगाए पनि त्यसको कार्यान्वयन हुन नसक्दा वरपर बस्नेलाई समेत असर पुग्ने गरेको छ । जिल्ला प्रशासन कार्यालयले जारी गरेको सूचनाबमोजिम समय-समयमा अनुगमन गरेर प्रभावकारी कार्यान्वयन गर्न सकेमा केही सकारात्मक परिणाम देखिने आशा गर्न सकिन्छ । सम्बन्धित निकायले प्रभावकारी अनुगमन गरेर जथाभावी चुरोट तथा सुर्ती बिक्री गर्ने र सेवन गर्नेलाई ठाउँको ठाउँ कारवाही नगर्दासम्म यसको नियमन र नियन्त्रण सम्भव छैन । लामो समयसम्म पनि प्रभावकारी कार्यान्वयनमा आउन नसकेको ऐन कार्यान्वयनमा जिल्ला प्रशासन कार्यालय मकवानपुरले दिएको चासोलाई व्यवसायीले र आम सर्वसाधारणले सहयोग गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : धार्मिक यात्रा योगमा सरिक भइने समय योग छ ।
**वृष** : धार्मिक र सामाजिक काममा सरिक भइने छ ।
**मिथुन** : परोपकारी काममा खट्नुपर्ने समय योग छ ।
**कर्कट** : व्यापार–व्यवसाय मध्यमकारक रहेको छ ।
**सिंह** : सामाजिक र धार्मिक काममा सरिक भइने छ ।
**कन्या** : बोलीमा बिचार पुऱ्याउनुपर्ने समय योग छ ।
**तुला** : पारिवारीक द्वन्द्व कायमै रहने समय योग छ ।
**वृश्चिक** : धार्मिक र सामाजिक काममा सरिम ।
**धनु** : पराक्रमले प्रतिष्ठा कायम गरिने समय योग छ ।
**मकर** : सामाजिक र धार्मिक कामबाट लाभ प्राप्त होला ।
**कुम्भ** : माङ्गलिक कार्यमा सरिक भइने समय योग रहेको छ ।
**मीन** : रामरमाइलोमा समय व्यतित हुने समय योग रहेको छ ।

# स्ववियू निर्वाचनमा विगतका गौरवमय विद्यार्थी आन्दोलनको स्मरण र अपेक्षा



✍ रमेश प्रसाद लामिछाने

१. बालबालिकाहरुको पाँच वर्ष उमेर प्रवेशसँगै औपचारिक शिक्षा प्राप्तिका लागि विद्यालयमा भर्ना गर्ने परम्परा नेपालमा मात्र नभई विश्वका अधिकांश मुलुकमा पाईन्छ । हाम्रो सन्दर्भमा, विद्यालय शिक्षालाई कक्षा ८ सम्म आधारभूत तह र कक्षा ९ देखि १२ सम्मको शिक्षालाई माध्यमिक तहको शिक्षा भनिएको छ । सामान्यतया माध्यमिक तहसम्मको शिक्षा उत्तीर्ण गर्दा विद्यार्थीको उमेर १६ वर्ष पुगेको हुन्छ । यसरी हेर्दा विश्वविद्यालय तहको पहिलो खुट्किलो स्नातक तहमा प्रवेश गर्दा विद्यार्थी १७ वर्षमा टेकिसकेको हुन्छ । यो युवावस्था भनेको व्यक्तिको अत्यन्त महत्वपूर्ण र उर्जाशील उमेर मानिएको छ । व्यक्तिको परिपक्वतासँगै जिम्मेवार जीवनको प्रारम्भ पनि यसै बेलादेखि हुने स्विकार गरिएको छ ।

हाम्रा पौराणिक ग्रन्थहरुमा उल्लेख भए अनुसारका मानव जीवनको सरदर आयु १०० वर्ष उमेरलाई आधार मानी यसका चार अवस्थाहरु मध्ये २५ वर्षको उमेरसम्मलाई पहिलो अवस्था अर्थात व्रम्हचर्य आश्रम अनि दोश्रो २५ वर्षको अवधि अर्थात ५० वर्षको उमेर सम्मको अवधिलाई गृहस्थाश्रम र तेश्रो २५ वर्षको अवधि अर्थात ७५ वर्षको उमेरसम्मको अवधिलाई वानप्रस्थाश्रम र अन्तिम २५ वर्षको अवधि अर्थात १०० वर्ष उमेर सम्मको अवधिलाई सन्यासाश्रम भनिएको छ । यो प्राचिन मान्यता बमोजिम २५ वर्षको उमेरसम्म व्यक्तिले शिक्षा आर्जनमा बिताउनु पर्छ । यस अवधिमा व्यक्तिले पर्याप्त शिक्षा, ज्ञान र सीप हासिल गरी बाँकी जीवनलाई सहज बनाएर सिकेका ज्ञान र सीपको अधिकतम सदुपयोग गरी मानव जीवनको सार्थकता कायम गर्नुपर्छ भनिएको हो ।

२. विद्यार्थी जीवन श्रृजनात्मकता र रचनात्मकताले भरिएको बेला हो । प्रत्येक पाईलामा उत्सुकता र नविन ज्ञान अनि सीप समेट्दै अग्रगतिमा लम्किरहेको व्यक्ति हरेक बेठीक र गलत क्रियाकलापमा सिधै प्रतिवाद गर्दछन् । हरेक दिन नयाँ खोज र परिवर्तनका लागि युवा विद्यार्थीहरु नै जिम्मेवार भेटिन्छन् । सामाजिक र राजनीतिक परिवर्तनमा विद्यार्थीहरु नै अग्रपंक्तिमा रहेको विश्व इतिहास साक्षी छ । अधिकांश मुलुकमा राजनीतिक आन्दोलनमा सबैभन्दा बढी त्याग र बलिदान गर्ने भनेकै विद्यार्थी हुन् भन्दा अत्युक्ति नहोला । दक्षिण एशियाका राष्ट्रहरु नेपाल, भारत, पाकिस्तान, बंगलादेश, श्रीलंकामा मात्र नभई विशाल मुलुक चीनमा समेत राजनीतिक परिवर्तनका लागि विद्यार्थीहरुले गरेको नेतृत्वदायी र निर्णायक आन्दोलनका बारेमा हामीले पढेका छौं ।

विश्वविद्यालयका विद्यार्थीहरुको आन्दोलनले दुनियाँका शासकहरु सबैभन्दा बढी चिन्तित बन्दछन् । विद्यार्थीहरु सडकमा उत्रे भन्ने समाचार शासकहरुका लागि तनाव नै बनेका उदाहरण अनेकौं छन् । अपेक्षित शैक्षिक वातावरण सिधै शासकीय चरित्रसँग जोडिएको हुन्छ । राज्यको शासन व्यवस्थाले शिक्षा प्रणालीलाई निर्देशित गर्ने तथ्यमा कतै बिमति छैन । कुनै पनि मुलुकको शासकीय चरित्र, शैक्षिक चेतना र राष्ट्रिय दृष्टिकोणमा त्यस देशको समृद्धि निर्भर गर्दछ । यस आलेखमा नेपालको शासन व्यवस्था परिवर्तनमा विद्यार्थीहरुको गौरवमय त्याग र बलिदानसँग वर्तमानको स्ववियु निर्वाचनसम्मका प्रसंगहरु खोस्रने जमर्को गरिएको छ ।

३. कुनै पनि असंगठित आन्दोलन उद्देश्यमूलक बन्दैन । गन्तव्यमा पुग्नका लागि संगठित र योजनाबद्ध आन्दोलन हुनै पर्दछ । आन्दोलन र संघर्ष भनेकै शासक र शोषित बीच त्यस्तै मालिक र मजदूर बीच भएको भेटिन्छ । ठीक र बेठीकका बीचको अन्तरबिरोधबाट नै आन्दोलनको प्रादुर्भाव हुन्छ । भिन्न चरित्रका स्वार्थहरुको टकराव नै संघर्ष हो । शासकहरुको स्वार्थ आफ्नो सत्तासँग र शोषणसँग जोडिएको हुन्छ भने शोषितहरुको स्वार्थ सत्ता हैन, मात्र सबैखाले शोषण र दूराचारको अन्त्य नै उनीहरुको गन्तव्य हो । राणाकालमा शिक्षा भूमिगत अवस्थामा थियो भन्न सकिन्छ । वि.सं. २००४ मा नेपाल तथा भारतको भूमिमा जयतु संस्कृतम शैक्षिक आन्दोलनको बिगुलबाट विद्यार्थीहरुले दरो उपस्थितिसहित शासक वर्गको निद हराम गराएकै हुन् । राणा शासनको अन्त्यका लागि विद्यार्थीको आन्दोलन नै निर्णायक थियो भन्दा अत्युक्ति नहोला । विद्यार्थीहरुले जायज मागका आवाजबाट सडक बुलन्द गर्नुको अतिरिक्त आम नागरिक जागरणका लागि बस्ती-बस्तीमा चेतनाका राँको सल्काउने कामले चर्चित भएका घटनाहरु स्मरणीय छन् । शैक्षिक आन्दोलन नै राजनैतिक आन्दोलनको मुख्य ब्यानर बनेको उक्त कालखण्डमा विद्यार्थी र शिक्षकको संयुक्त बलबाटै तत्कालिन सरकार शिक्षा आयोगको गठन गरी शिक्षा व्यवस्थामा सुधारका लागि अग्रसरता देखाउन बाध्य भएको इतिहास साक्षी छ ।

४. जब मानव अधिकारका कुरा उठ्थे, जब शोषण, दमन, उत्पीडनका विरुद्धमा आवाज बाहिर आउँथ्यो, अनि शिक्षा सुधारको माग उठ्थ्यो तब यी सबै आन्दोलनका बाहक भनेका विद्यार्थी र शिक्षक नै हुन्थे । शिक्षक विद्यार्थीले जब सडक तताउँथे तब सरकार हतारमा आयोग गठन गरी सम्झौता गर्दै आन्दोलन तुहाईदिन्थ्यो । समय बित्दै जाँदा राजनीतिक चेतना र शैक्षिक जागरणले आम नागरिकमा बुझाईको स्तर वृद्धि भएकै हो । राजनीतिक अस्थिरताका बावजुद पनि शैक्षिक आन्दोलनले उचाई लिँदै गर्दा पार्टीहरु प्रतिबन्धित गर्दै निरंकुश पञ्चायती शासनकालमा उग्र दमन भएको थियो । शिक्षाको ब्यानरमा राजनीतिक दलहरु पार्टी स्वतन्त्रताका लागि सडकमा आएकै हुन् । आवरणमा शिक्षा सम्वद्ध मागहरु देखिए पनि अन्तर्यमा भने राजनीतिक मुद्दाहरुमा केन्द्रित शैक्षिक आन्दोलन र त्यसको नेतृत्व विश्वविद्यालयका विद्यार्थीले नै हाँक्ने गरेको तथ्यमा शंका छैन ।

पञ्चायती व्यवस्थाको अन्त्यसँग जोडिएको वि.सं. २०३६ सालको विद्यार्थी आन्दोलनको बिजारोपण तत्कालिन पाकिस्तानका पूर्व प्रधानमन्त्री तथा पाकिस्तान पिपुल्स पार्टीका अध्यक्ष जुल्फीकार अली भुट्टोलाई जिया उल हकको सरकारले फाँसी दिएको बिरुद्धमा पाकिस्तानी राजदूतावासमा विरोधपत्र दिन जाँदा गरेको पञ्चायती दमन नै कारक रहेको जगजाहेर छ । यहि आन्दोलन पहिले काठमाडौं अनि बिस्तारै डँढेलो झैं देशव्यापी बन्दा हेटौंडाको भुटनदेवी हाईस्कूलबाट विद्यार्थीको नेतृत्वमा भएको आन्दोलन ऐतिहासिक र उपल्लो उचाईमा पुगेको तथ्य स्मरणीय छ । सडकमा उत्रिएका शिक्षक विद्यार्थी पर्चामा शिक्षासँग सम्बन्धित मागहरु देखाउँदै व्यवस्थाको समाप्तीका लागि होमिएका थिए । निरंकुश शासनको स्थानमा राजनीतिक स्वतन्त्रताको बहाली भएपछि शैक्षिक समस्याहरु हल हुने विश्वास गरिएको थियो । त्यस बेलाको आन्दोलनको नेतृत्व पनि राजनीतिक दलहरुबाटै भूमिगत ढंगले गरिएको हुन्थ्यो ।

५. पार्टीहरु प्रतिबन्धित भएको र राजनीतिक स्वतन्त्रता बन्धक बनेको अनि राजा र व्यवस्थाका बिरुद्धमा बोले मात्र पनि ज्यानै जाने बेलामा विद्यार्थीहरु नै आन्दोलनका लागि पार्टीका भगिनी संगठन अनेरास्ववियु तथा नेविसंघ जस्ता नाम राखी विश्वविद्यालयमा स्नात्तकोत्तर तह सक्ने फेरी अर्को विषयमा स्नातकमा भर्ना हुने यसो गरेर सिंगो जीवननै विद्यार्थी आन्दोलनमा समर्पण गर्ने विद्यार्थी नेतृत्व सधैं स्मरणीय बनेका छन् । शिक्षकहरुको आन्दोलनमा विद्यार्थीले आम गिरफ्तारी दिएर प्रहरीको हिरासत तथा जेलमा रहेका राजबन्दीहरुको मनोबल उच्च राख्न र आन्दोलनको भावनालाई कायम गर्न विद्यार्थीहरुले निर्बाह गरेको भूमिका ऐतिहासिक क्षण थियो भन्न सकिन्छ । वि.सं. २०४६ सालको पञ्चायती व्यवस्था अन्त्यका बेलाका आन्दोलनमा पनि विद्यार्थीहरुको भूमिका अग्रणी स्थानमा रहेको स्विकार्नै पर्दछ । तत्पश्चात, बहुदलीय शासनकाल अनि राजतन्त्रको अन्त्यका लागि भएका आन्दोलन यी सबैमा विद्यार्थीहरुको भूमिका अत्यन्त महत्वपूर्ण रहेको भन्दा अत्युक्ति नहोला । वर्तमानका राजनीतिक नेतृत्वमा एकाध छाडेर सबैलाई स्वतन्त्र विद्यार्थी यूनियनकै पृष्ठभूमिबाट आएका विद्यार्थी राजनीतिकै नर्सरीमा हुर्किएर आज ठूलो आकार बन्न सफल भएका हुन् भन्न सकिन्छ ।

६. अन्तमा, यत्तिबेला विद्यार्थीहरु स्ववियू निर्वाचनमा होमिएका छन् । मातृपार्टीको स्तुतीगानमा रमाएर अनि शक्तिवालाको चाकडीमा समर्पित भएर, निर्देशित आन्दोलन बोकेर कलेज र विश्वविद्यालय प्रशासनको खाजामा हराएर र आपसमै झगडा गरेर अत्यन्त झिनामसिना कुरामा अल्झिएर विद्यार्थीको सही नेतृत्व स्थापित हुँदैन । विगतका ती गौरवमय विद्यार्थी आन्दोलनका मर्म, भावना, उद्देश्य, गन्तव्य भनेकै समृद्ध राष्ट्रसँग जोडिएको छ । आज राजनीतिक व्यवस्था बदल्ने आन्दोलन होइन, विशुद्ध शैक्षिक अवस्था परिवर्तनका लागि प्रत्येक दिन बिदेशिने युवा जनशक्तिको ताँतीले स्ववियूको नेतृत्व लिनेहरुलाई च्वास्स घोच्नुपर्छ । परम्परागत जागिरे शिक्षा प्रणालीको अन्त्यका लागि वर्तमान स्ववियू नेतृत्वसँग स्पष्ट दृष्टिकोण र प्रतिबद्धता देखिनु पर्दछ । विद्यमान शैक्षिक अराजकता, असान्दर्भिक पाठ्यक्रम, जीर्ण र अशक्त परीक्षा पद्दति, जाँच भएको वर्ष दिनसम्म पनि नतिजा दिन नसक्ने असक्षम परीक्षा नियन्त्रण कार्यालयमा सिधै आक्रमण गर्न सक्ने विद्यार्थी नेतृत्व युगले मागिरहेको छ । योग्य, दक्ष, लगनशील र ईमान्दार प्राध्यापकहरुको व्यवस्थाका लागि सिधै धावा बोल्ने विद्यार्थी नेतृत्व प्रत्येक कलेजले पर्खिरहेको छ । तमाम शैक्षिक बिचौलियाको ठेगान लगाउन हिम्मत गर्ने स्ववियू नेतृत्व अनिवार्य भएको छ । आम भ्रष्ट्राचार र दूराचारको समूल अन्त्यका लागि विद्यार्थीको निर्णायक आन्दोलनको नेतृत्व आज नेपाली नागरिकबाट अपेक्षा गरिएको छ ।

# मन परिवर्तन भएपछि...



✍ सीता भण्डारी

मनको आगो र त्यसको व्यवस्थापनबारे अघिल्लो आलेख तयार गरिरहँदा एउटा कुरा मनमा खेलिरहेको थियो । त्यसपछि लेखी बस्नै सकिनँ । एउटा कुरा नि, पहिले त्यही मानिस असाध्यै मनपर्छ । त्यही मानिस नै सबथोक भन्ने लाग्छ ।

त्यहि मानिसलाई दिनमा भेटिन्छ र रातमा सपनामा पनि देखिन्छ । उसैसँग जिउन र मर्न तयार भइन्छ । तर, त्यही मानिस कालान्तरमा मनपर्दैन वा मनपर्न छोड्छ ।

किन ? यही सवाल उठिरहेको थियो, मनमा ।

मनोविद्को भूमिकामा म पूर्वको एक जिल्ला पुगेको थिएँ, गत डिसेम्बरमा । त्यहाँ भेटिएकी एकजना अधबैंसे महिलाका केही कुरा यहाँ राख्न सान्दर्भिक ठानेको छु ।

अन्तरजातीय विवाह गरेकी चन्द्रकला (नाम परिवर्तन)ले दुई पटक आत्महत्या प्रयास गरिन् । उनलाई न बाँच्न सहज थियो, न त मर्न नै । सानै उमेरमा परिवार र समाजसँगको संघर्षमा उनी पटक-पटक असफल भएर नै उनले आत्महत्याको कोसिस गरेकी हुन् ।

मनोविद् कक्षमा आइपुगेकी चन्द्रकलाले आफूलाई मानसिक रोग लागेको थाहै पाएकी थिइनन् । पहिलोपटक मनोविद्सँग भेटेकी चन्द्रकलाले सुरुमा सिधै मेरो आँखामा हेर्न सकिनन् । निहुरिएर बसेकी चन्द्रकलालाई मैले केही सोध्न थालेँ, उनी कलेटी परेका ओठहरू चलाउन भन्दा टाउको हल्लाउन सजिलो मानिरहेकी थिइन् ।

कसैले आफ्नो कुरा अरुसँग भन्नका लागि त्यो व्यक्तिप्रति विश्वास र भरोसा चाहिन्छ । नत्र किन खोल्छन् त मनभित्रका कुराहरू । चन्द्रकला पनि त्यस्तै थिइन् । मैले चन्द्रकलालाई आफ्नो परिचय, पेशा र उनीजस्ता धेरै यस्तै समस्या भएकाहरुका बारेमा पनि सुनाएँ । अनि बल्ल चन्द्रकलाको निहुरिएको मुन्टो उठ्यो । कलेटी परेका ओठहरू बोल्न थाले । अनि, ती आँखाहरू मेरा आँखासँग कुरा गर्नथाले ।

कलिलो उमेरमै चन्द्रकला प्रेममा परिन् । उनले त्यस्तो व्यक्तिसँग प्रेम गरिन्, जसलाई उनको परिवार र समाजले सहजै स्वीकार्ने अवस्था थिएन । उनीहरु दुवैजना प्रेमलाई विवाहमा रुपान्तरण गर्ने निधोमा पुगे । उनीहरुले प्रेमबाहेक अरु केही सोचेनन् । जीवन जिउनका लागि आइपर्ने कठिनाइबारे उनीहरु अनभिज्ञ थिए । त्यसैले उनीहरुमाथि विविध पारिवारिक र सामाजिक जटिलता खडा भए । त्यसलाई उनीहरुले आफ्नो भाग्यसँग तुलना गर्दै एकपछि अर्को घट्नाबाट निराश हुँदै गए । तर, अब मनको कुरा भन्ने ठाउँ नै थिएन ।

महिलाका लागि मनभरीको व्यथा सुनाउने पहिलो ठाउँ त माइती नै हो । तर, चन्द्रकलाले विवाहको निर्णय लिएदेखि माइती टाढिइसकेका थिए । विवाहपछि उनका श्रीमानको पनि व्यवहार उस्तै रहेन । त्यति धेरै माया गर्ने, मर्ने र बाँच्ने कसम खाएका श्रीमान् विवाहपश्चात् सुरुमा झर्किन थाले ।

पछि गालीमा उत्रिए, त्यसपछि त उनलाई शारीरिक यातना नै दिन थाले । चन्द्रकलाले श्रीमानलाई पनि आफ्ना कुरा भन्न सक्ने अवस्था बनेन । पीडा, चिन्ता थपिँदो थियो । उनले आफू बाँच्नुको अर्थ देख्न छोडिन् । उनले पटक-पटक

...बाँकी पृष्ठ ३ मा

# मन परिवर्तन...

आत्महत्याको प्रयास गरिन् ।

मनोविद् कोठा नं. २०४ मा बोलिरहेकी चन्द्रकलालाई एकतमासले मैले हेरिरहेको थिएँ । उनको अवस्था बुझ्ने प्रयास गरिरहेको थिएँ । भदौरे झेलसरी उनका आँखाबाट आँसु बगिरहेका थिए । उनी रुँदा आफू गम्भीर भइदिन्थेँ । फेरि, कतिबेला उनी विवाह अघिका रमाइला पल सम्झिँदै, आफ्ना श्रीमाने त्यतिबेला गरेको माया र सम्मानलाई सम्झिँदै अनुहार उज्यालो बनाएर मुसुमुसु हाँस्दै पनि थिइन । उनी हाँस्दा सँगै हाँसिदिन्थेँ । उनले भनेका कुराहरूमा आफूलाई पनि सोही अनुसार बगाइरहेको थिएँ ।

मिस भनेर सम्बोधन गरिरहेकी चन्द्रकलाले कुराकानीकै क्रममा उनले मलाई मिसबाट दिदी भन्न थालिन् । मैले भने उनलाई 'चन्द्रकलाजी'को सम्बोधनलाई निरन्तरता दिइरहेँ । जुन परामर्शकर्ताको धर्म पनि हो । अब उनी झन् खुल्न थालिन् । यस्तो लाग्दै थियो कि हातले बत्ती पार्दा कपासको डल्लो फुरुरु निस्कँदै कपास विलय भएजस्तो उनको मनभित्रका जेलिएका पीडापूर्ण भोगाइहरू बिना रोकतोक निस्किरहेका थिए । लाग्थ्यो, कपासको डल्लो अब बत्ती बनेर उज्यालो हुनेवाला थियो।

चन्द्रकलाको मुहार निकै फरक भइसकेको थियो, केही उज्यालो । उनी चन्द्रकला हुन् । साहित्यकारको चर्चित बिम्ब चन्द्रमा जस्ती उज्याली, हिराजस्ती हुनुपर्ने चन्द्रकला किन यस्ती भइन् ? किनकी चन्द्रकलाले परिवार र समाजसँग विद्रोह त गरिन् तर विद्रोह गरिरहँदा त्यसका परिधि र जटिलताबारे अनभिज्ञ भइन् । त्यसैले उनीमाथि परेका अनेक प्रहारलाई उनले झेल्न सकिनन् । अन्ततः मानसिक स्वास्थ्य समस्यामा परिन् ।

चन्द्रकलाको उमेर पनि विवाहयोग्य भइसकेको थिएन । 'बिहेवारी बीस वर्ष पारी' भन्नुको तात्पर्यबारे बुझिनन्, प्रेमले उनको अन्तर्दृष्टि गुमाइदियो । वर्ष २० ले सोच्ने क्षमता, असल-खराबको विशेषता छुट्याउन सक्ने अवस्था, शारिरीक परिपक्वता गराइसक्छ । त्यसपछिको विवाह अन्तरजातीय नै भए पनि लड्न सक्ने अवस्था बनिसक्छ । तर, चन्द्रकलाको न उमेर त्यस्तो थियो, न त पारिवारिक परिवेश नै । त्यसैले उनी मानसिक स्वास्थ्य समस्यामा परिन् ।

पीडाहरू मनभरी गुम्स्याएर राख्दा पीडाको भकारी बन्छ । भकारी भरिएपछि त पोखिन्छ । पोखिने भनेको डिप्रेसन, एन्जाइटी अनि आत्महत्या नै हो । यो अवस्थासम्म नपुग्ने बनाउन मोटिभेसनल क्रियाकलापहरु विद्यालय, परिवार, समाजमा निरन्तर चलाइरहनुपर्छ । आशा, विश्वास र भरोसा आफैँभित्र खोज्न सक्ने व्यक्ति बनाउनुपर्दछ ।

मानसिक समस्यामा परेका चन्द्रकला जस्तालाई बोल्ने र सुनिदिने अवस्था बन्नुपर्छ । जसका लागि स्थानीय तहका वडातहमा कार्यरत सबै कर्मचारी, जनप्रतिनिधि, सामुदायिक कार्यकर्ता लगायत सबैलाई मनोसामाजिक समस्या पहिचान गर्न र सहजीकरण गर्ने कला सिकाउनुपर्छ ।

यो त थियो चन्द्रकलाको कथा । मेरो चासो थियो, मानिस किन मनपर्न छोड्छ । उनका श्रीमानले विवाहअघि जस्तै माया, भरोसा दिएको भए चन्द्रकलाको अवस्था त्यस्तो हुँदैनथ्यो । श्रीमानको मात्रै पनि साथ पाएकी भए चन्द्रकला चट्टानजस्तै बलियो हुन्थिन् । तर, त्यसो हुन सकेन ।

सबैसँग सबैथोक हुँदैन । सबै मानिस पूर्ण हुँदैनन्, मानिसमा केही न केही कमी हुन्छ । अपरिवर्तनीय कुरालाई पनि परिवर्तन गर्न खोजेर मानिसमा पूर्णताको खोजी गर्दा भइरहेको सम्बन्ध बिग्रन पुग्छ । जोसँग जे छ, त्यसैलाई आत्मसात गर्नुपर्छ । कोही केटामान्छेमा वा केटीमान्छेमा जे देखेर सुरुमा आकर्षित भइन्छ वा मनपर्छ त्यही कुरालाई जीवनभर अंगाल्न सक्ने हो भने त्यो सम्बन्ध सँधै उही र उस्तै रहन्छ ।

बाल्यकालमा पनि चाउचाउ मनपर्ने, किशोरअवस्थामा पनि मनपर्ने, युवा अवस्थामा पनि त्यही चाउचाउ मनपर्छ नि त । चाउचाउ चाहिँ जहिले पनि मनपराइरहने अनि मानिस चाहिँ किन मन नपर्ने ? कोकाकोला पनि सँधै मनपर्ने तर मानिस चाहिं किन सँधै मन नपर्ने ?

बाल्यकालमा त चाउचाउ र कोकाकोला खाँदा त्यसले पार्ने हानीबारे जानकारी हुँदैन तर असरबारे बुझ्ने भइसकेपछि पनि त्यही चिज किन मनपरिरहन्छ ? किनकी ती सामाग्रीहरू तयार गर्दा प्रयोग हुने कुनै निश्चित तत्वलाई त्यो कम्पनीले निरन्तरता दिइरहेको हुन्छ । हामीलाई त्यही तत्व मनपरेको हो ।

प्रेमी वा प्रेमिकाको अनुहार, जिउडाल, मुस्कान, आँखा वा जे मनपरेर सुरुमा आकर्षित भएको हुन्छ । त्यही कुराबाट जीवनभर आकर्षण कायम राख्नसक्नु नै मनमाथिको विजय हो । त्यही काम गर्न नसक्दा वा त्यो मनपराइएको विषयको महत्वलाई बिर्सिंदा सम्बन्धमा दरार उत्पन्न हुँदैजान्छन् । अनि मनपर्ने मानिस मन पर्न छोड्दै जान्छ ।

अर्को कुरा के पनि हो भने, प्रत्येक चिजको भ्याल्यू हुन्छ । संसारमा त्यस्तो कुनै चिज हुँदैन, जसको अस्थित्व नहोस् । त्यसको महत्व र मूल्य अनुरुप त्यसले आफ्नो आकार र आयतन माग गर्दछ । त्यसैलाई घेरा भनिन्छ । जब कसैको स्पेसमाथि प्रहार हुन्छ वा आक्रमण हुन्छ अनि त्यसले प्रतिकार त गर्छ नै ।

सीताले लक्ष्मण रेखा ननाघेकी थिइन् वा नाघ्न बाध्य नपारिएको थियो भने त्यत्रो युद्ध हुन्थेन होला । आफ्नो स्पेस महसुस गर्दै अर्काको स्पेसको ख्याल गर्नेबित्तिकै सम्बन्धहरु दिगो र मजबुत हुन्छन् । विचार गर्नुपर्ने कुरा के छ भने, तपाईंले बेइमान भनेर चिनिसकेको मानिस कहिल्यै इमान्दार हुन सक्दैनन् । अनि, इमान्दारहरू कहिल्यै बेइमान हुँदैनन् । परिस्थितीले बेइमान जस्तो बनाइदिनसक्छ तर खासमा ऊ बेइमान हुँदैन ।

यस्तो बेलामा अब बुझ्नुपर्ने त्यो व्यक्ति होइन, उसले भोगको परिस्थिति हो । उसको परिस्थिति अनुकुल पार्न उसलाई सहयोग गर्नु बुद्धिमानी हो । दूध र पानीजस्तो हो, व्यक्ति र परिस्थिति । दूधमा मिसाइएको पानी झट्ट हेर्दा सेतै देखिन्छ तर त्यो परिस्थिति अर्थात् पानी छुट्याइदिने हो भने दूध त सेतै हुन्छ तर पानीले आफ्नो पहिचान देखाइहाल्छ ।

प्रेमी प्रेमिकाबीच सम्बन्ध नजिकिँदै गएपछि दुवैले दुवैलाई आफ्नो निजी सम्पत्तीजत्तिकै ठान्छन् । आफूलाई मनपरेको आँखालाई अरुले तारिफ गरि दियो भने जलन हुन्छ अनि त्यो तारिफ गर्नेप्रति रिसको भाव प्रकट हुन्छ । जुन कुरा उसको राम्रो छ, त्यसको तारिफ त अर्कोले पनि त गर्छ नि ।

निजी बगैंचामा फक्रिएको फूललाई बटुवाले हेर्न र त्यसको सुगन्ध महसुस गर्न सक्छ तर, टिप्न त सक्दैन । यो यथार्थतालाई बुझ्ने प्रयत्न गर्न सक्यो भने मात्रै सम्बन्ध असल र दीगो हुन्छ ।

एउटा घट्ना सम्झिएँ- प्रेमिका अत्यन्तै राम्री लागेर प्रेम भयो, विवाह भयो अनि विवाहपछि श्रीमानले आफ्नी श्रीमतीको सुन्दरतामाथि अरुको नजर नपरोस् भनेर इर्ष्या भावले उनै राम्री श्रीमतीको मुहारमा लगाउने क्रिममा एसिड राखिदएछन् । जुन कुरा राम्रो लागेर उनको प्रेमको सुरुवात भएको थियो, त्यो कुरालाई बँचाउन होइन, बरु त्यसको ध्वंश गर्नतिर लागेपछि त्यो प्रेम र सम्बन्ध कसरी दिगो र कालजयी बन्न सक्छ ?

मूल कुरा के हो भने, जीवनमा अनेक खालका उतार चढाव आउँछन् । तर, कोही व्यक्तिप्रति बनेको प्रारम्भिक दृष्टिकोणलाई निरन्तरता दिन सकिएन भने त्यो व्यक्तिप्रति मायाको बद्लामा घृणा जागृत हुन्छ ।

अवस्था, परिस्थिति र व्यवहार परिवर्तन हुन्छन् नै, यो प्राकृतिक नियम हो । तर, त्यही परिस्थिति, अवस्था र व्यवहार अनुरुप मानिसप्रतिको दृष्टिकोण पनि परिवर्तन गर्दै जाँदा अन्ततः त्यो व्यक्ति मन पर्दैन । सत्य यही हो, मनपर्छ भने मनपरेको कारण पहिचान गरी त्यसको संरक्षण गर्नु नै उचित सम्बन्ध निर्माणको सेतु हो ।

*(लेखक सीता भण्डारी मनोविद् हुनुहुन्छ । स्रोतः अनलाईखबर)*

# ए प्लास ल्याउनेलाई २५ हजार

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगरपालिका १७ नम्बर वडा कार्यालयले एसईईमा 'ए' प्लास नतिजा ल्याउने विद्यार्थीलाई जनही २५ हजार रुपैयाँ नगद दिने भएको छ । बुधबार एसईईमा सहभागी हुने विद्यार्थीलाई बिदाई कार्यक्रममा वडाका अध्यक्ष उद्धव सत्यालले परीक्षामा सहभागीलाई उत्प्रेरणा स्वरुप २५ हजार रुपैयाँ दिने बताउनुभएको हो ।

हेटौंडा-१७ स्थित बालबोध माध्यमिक विद्यालयबाट ३३ र राजदेवी माध्यमिक विद्यालयबाट २१ गरी ५४ जना विद्यार्थी परीक्षामा सहभागी हुँदैछन् । ती विद्यार्थीलाई उत्प्रेरणा स्वरुप वडाध्यक्षले नगद दिने उद्घोष गर्नुभएको बालबोध माध्यमिक विद्यालयका सहायक प्रधानाध्यापक छवि सुवेदीले जानकारी दिनुभयो ।


## हार्दिक श्रद्धाञ्जली

जन्म
२००३ साल



स्वर्गारोहण
२०८१/११/२१

**स्व. रामजी सर्राफ**

होटल एसोसिएसन बागमती प्रदेश समितिका उपाध्यक्ष, होटल एसोसिएसन मकवानपुरका सल्लाहकार होटल सूर्यासका सञ्चालक निप्पु सर्राफका पुजनीय पीताको निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३औं दिनको पूण्यतिथि**मा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

दिलिशगोविन्द जोशी, अध्यक्ष
एवम् होटल एसोसिएसन मकवानपुर परिवार
हेटौंडा, मकवानपुर


# बालजागृतिका विद्यार्थीको आवाज

## कृष्ण प्रभु खै




सम्पदा अर्जेल

कृष्ण प्रभु खै भन्छन् आउने र जानेले
दिल चोरी लगी गए दही चोरी खानेले
हातमा वंशी शिरमा मुकुट पिताम्बरधारी
ग्वालाहरु साथ लिई प्रभु वृन्दावन सवारी

रासलीलामा रम्दै थियौ चाँदनी रातमा
बजाउँदै थियौ वंशी लिएर हातमा
गोकुल खोजे मथुरा खोजे खोजे वृन्दावन
सारा संसार खोजी सके कहाँ छौ प्रभु भन

अधर्मको नारा गरी धर्मको स्थापना गऱ्यौ
हेर प्रभु हामी सबै तिम्रै शरण पऱ्यौ
शिरमा छ मोर पङ्ख निधारमा चन्दन
हामीलाई छिट्टै दर्शन देउ है देवकीनन्दन

*कक्षा-७*






कुशाग्र ढकाल
कक्षा-७


## हार्दिक बधाई



**१३ औं भीम विराग स्मृति दिवस**को अवसरमा तृतीय भीम विराग स्मृति अन्तरविद्यालय एकल गायन प्रतियोगितामा यस विद्यालयका कक्षा ४ मा अध्ययनरत छात्र **आर्मन कार्की** दोश्रो स्थान प्राप्त गर्न सफल हुनुभएकोमा हार्दिक बधाई तथा अध्ययनका साथै साङ्गीतिक यात्राको सफलताको शुभकामना पनि व्यक्त गर्दछौं । साथै प्रस्तुतिका क्रममा वाद्यवादनमा सघाउने अन्य बाल कलाकारहरु तथा संगीत शिक्षक ज्यूहरुमा पनि हार्दिक कृतज्ञता ज्ञापन गर्दछौं ।

विनोद सुवेदी
प्रिन्सीपल
एवम् बालजागृति इंग्लिस सेकेण्डरी स्कूल परिवार

# राष्ट्रिय महिला फुटबलमा मकवानपुर ५-० गोलअन्तरले पराजित



एन्फा मकवानपुर महिला टिम ।

**समाज संवाददाता**

हेटौंडा : चितवन जिल्लामा शनिबारबाट सुरू भएको राष्ट्रिय महिला फुटबल प्रतियोगिताको पहिलो खेलमा एन्फा मकवानपुर फुटबल एकेडेमीले फराकिलो हार व्यहोरेको छ। चितवन जिल्ला फुटबल संघको आयोजना तथा भतपूर महानगरपालिकाको प्रवर्धनमा शनिबारबाट सुरु भएको प्रतियोगिताको उद्घाटन खेलमा एन्फा मकवानपुर ५-० गोलअन्तरले पराजित भएको हो।

भरतपूर-७ स्थित कृष्णपुर खेलमैदानमा भएको उद्घाटन खेलमा एन्फा मकवानपुरको टिम भरतपूर-२४ को टिमसँग ५-० गोलको फराकिलो अन्तरले पराजित भएको हो । भरतपुर सामु निरिह देखिएको मकवानपुरको टिमले विपक्षी पोष्टमा आक्रमण नै गर्न सकेन । भरतपुरले भने मकवानपुरको पोष्टमा निरन्तर आक्रमण गरिरह्यो । झण्डै आधा दर्जन प्रहार पोष्ट नजिकैबाट बाहिरिएको थियो ।

प्रतियोगितामा मकवानपुरको महिलाटिम सहित अन्य ८ वटा टिमहरुको सहभागिता रहेको छ । प्रतियोगितामा एन्फा मकवानपुरको महिला टिमको प्रतिनिधित्व गर्नका लागि टिम प्रशिक्षकको रुपमा मकवानपुर महिला टिमका प्रमुख प्रशिक्षक भीम लामा गएका थिए । प्रतियोगितामा प्रशिक्षक लामाको नेतृत्वमा मकवानपुरबाट २३ जना खेलाडी जान सहभागी भएका थिए ।

प्रतियोगिताको उपाधि विजेता टिमले ३ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ भने उपविजेता टिमले एक लाख ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछ । यस्तै सर्वोत्कृष्ट खेलाडीले ४० हजार रुपैयाँ प्राप्त गर्दा विधागत उत्कृष्ट खेलाडीले जनही २० हजार रुपैयाँसहित ट्रफी तथा प्रमाणपत्र प्राप्त गर्नेछ। प्लेयर अफ द म्याचले १० हजार रुपैयाँ नगद प्राप्त गर्नेछ। प्रतियोगिताको फाइनल खेल चैत ९ गते हुने बताइएको छ ।

## वंशगोपालमा स्ववियु समिति सर्वसम्मत

# अध्यक्षमा दिवस सिलवाल

**समाज संवाददाता**

हेटौंडा : स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनमा हेटौंडा-६, चौघडास्थित वंशगोपाल बहुमुखी क्याम्पसमा सर्वसम्मत नयाँ समिति चयन भएको छ । संगठनबीचको आपसी छलफलपछि आइतबार बिहान सर्वसम्मत नयाँ समिति चयन भएको हो । नवनिर्वाचित समितिको अध्यक्षमा दिवस सिलवाल चयन हुनुभएको छ ।

उपाध्यक्षमा सजना घिमिरे, सचिवमा सुवास राई, कोषाध्यषमा आशाराम गोले, सहसचिवमा आशिष भोलन निर्वाचित हुनुभएको छ । यस्तै सदस्यमा आयुषा बुढाथोकी, निश्चल गजुरेल, सन्तोष पुडासैनी, पूजा लम्साल, सुष्मा गौतम, सुशील तिमल्सिना चयन हुनुभएको छ । क्याम्पस प्रमुख लक्ष्मण



नवनिर्वाचित स्ववियु अध्यक्ष दिवस सिलवाल ।

कँडेलले एक सूचना जारी गर्नुहुँदै क्याम्पस सञ्चालक समितिका अध्यक्ष उज्वल चौलागाईको अध्यक्षतामा बसेको बैठकले सर्वसम्मत नयाँ समिति चयन गरेको जानकारी गराउनुभएको छ ।

स्ववियु निर्वाचन कार्यक्रमअन्तर्गत वंशगोपाल बहुमुखी क्याम्पसमा ५ वटा संगठन दर्ता भएका थिए । त्रिभुवन विश्वविद्यालयबाट सम्बन्ध प्राप्त गरी वंशगोपाल बहुमुखी क्याम्पसले स्नातक तहमा बीबीएस र बीएड कार्यक्रम सञ्चालन गरिरहेको छ। स्नातक तहमा २ सय ११ जना विद्यार्थी अध्ययनरत रहे पनि स्ववियु निर्वाचनमा भने १४७ मतदाता रहेको क्याम्पस प्रमुख लक्ष्मण कँडेलले जानकारी दिनुभएको छ । यसअघि मकवानपुरको मनहरी गाउँपालिकास्थित मनहरी बहुमुखी क्याम्पसमा पनि स्ववियुको नयाँ समिति सर्वसम्मत चयन भएको थियो ।

# हेटौंडामा चैत ७ गतेबाट राष्ट्रिय हक्की प्रतियोगिता

**समाज संवाददाता**

हेटौंडा : हेटौंडामा राष्ट्रिय हक्की प्रतियोगिता हुने भएको छ। यही चैत ७ गतेदेखि ९ गतेसम्म दोस्रो संस्करणको अन्तर नगरपालिका हेटौंडा कप राष्ट्रिय हक्की प्रतियोगिता हुने भएको हो । मकवानपुर जिल्ला हक्की संघको आयोजनामा हेटौंडा-४ स्थित हुप्रचौरमा प्रतियोगिता हुनेछ ।

प्रतियोगिता आयोजनाका लागि हेटौंडाको हुप्रचौरमा मैदानको संरचना निर्माणको कार्य गरिरहेको छ। बागमती प्रदेश खेलकुद विकास परिषद् र हेटौंडा उपमहानगरपालिकाको मुख्य सहयोगमा सञ्चालन हुने प्रतियोगितामा सहप्रयोजकका रुपमा हेटौंडा-१० स्थित तुल्सीमेहर बोर्डिङ र नारायणी कलेज रहने छ । प्रतियोगिता ५ ए साइटमा सञ्चालन हुने बताइएको छ। मकवानपुर जिल्लामा हक्की खेललाई अगाडि बढाउने, हक्कीप्रतिको रुचि विकास गर्ने र खेलको महत्वको बारेमा जानकारी गराउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागेको बताइएको छ।

प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमलाई शिल्ड, मेडल र प्रमाणपत्रसहित नगद पुरस्कार प्रदान गरिने बताइएको छ । गत वर्ष सम्पन्न भएको प्रतियोगितामा ५ वटा टिमहरुको सहभागिता रहेको थियो ।

# राक्सरीराङकी सुशीला गाँजासहित पक्राउ

**समाज संवाददाता**

हेटौंडा : हेटौंडा हुँदै बीरगन्ज जाँदै गरेकी मकवानपुरको राक्सिराङ गाउँपालिका-१ की ५० वर्षीया सुशीला गोले लागूऔषध गाँजासहित बारा जिल्लाको पथलैयाबाट पक्राउ परेकी छिन् । बारा प्रहरीले विशेष सूचनाको आधारमा बुधबार बिहान ८ बजेर १५ मिनेटको समयमा १३ किलो गाँजासहित सुशीलालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

ना ८ ख ६०६१ नम्बरको यात्रुवाहक माईक्रोलाई रोकेर सुरक्षाजाँच गर्ने क्रममा माईक्रोमा सवार सुशीलाको साथबाट गाँजा बरामद भएको प्रहरीले उल्लेख गरेको छ। प्रहरीले कानुन बमोजिम कारवाही तथा थप अनुसन्धान गरिरहेको जनाएको छ ।

**पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.**
**हेटौंडा-२, सिद्धार्थपथ**

**अत्यन्त जरुरी सूचना**

यस पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.मा आवद्ध हुनु भएका शेयर सदस्यहरु जो विगत ५ (पाँच) वर्षदेखि नियमित दैनिक तथा मासिक बचत मध्ये कुनै पनि बचत नगर्नु भई निष्क्रिय रुपमा रहनु भएका शेयर सदस्यहरुका लागि मासिक तथा दैनिक बचत नियमित गरी KYM फारम अद्यावधिक गर्न यसअघि मिति २०८१/०७/१२ गते समृद्ध समाज राष्ट्रिय दैनिक तथा साझाकुरा राष्ट्रिय दैनिक पत्रिकामा तथा मिति २०८१/०७/२६ मा साझाकुरा राष्ट्रिय दैनिक पत्रिकामा २०८१ पौष मसान्तसम्म सक्रिय हुन भनी सूचना प्रकाशित भएकोमा अझैपनि धेरै शेयर सदस्य ज्युहरु संस्थाको सम्पर्क भन्दा बाहिर रहनभएकोले पुनः दोस्रो पटकका लागि बचत नियमित गर्ने सम्बन्धी यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिबाट २०८१ साल चैत्र मसान्त भित्र हेटौंडा उपमहानगरपालिका वडा नं. २, सिद्धार्थपथमा रहेको संस्थाको आफ्नै भवनबाट संचालनमा रहेको पञ्चरत्न बचत तथा ऋण सहकारी संस्था लि.को कार्यालयमा कार्यालय समय भित्र उपस्थित भई उल्लेखित मिति भित्र निष्क्रिय शेयर सदस्य ज्युहरुले KYM फारम भरी सहकारीको नियमानुसार गर्नुपर्ने नियमित दैनिक तथा मासिक बचत गनुहोला । अन्यथा उक्त उल्लेखित समय अवधि भित्र निष्क्रिय रुपमा रहेको शेयर सदस्यहरुको विवरणसहित शेयर तथा बचत बापतको रकमलाई संस्थाले भुक्तानी दिनुपर्ने दायित्वमा राखी शेयर सदस्य लिष्टबाट समेत हटाइने हुँदा निष्क्रिय रुपमा रहनु भएका सम्पूर्ण शेयर सदस्य ज्यूहरुलाई जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

हार्दिक बधाई



आशिष श्रेष्ठ



ग्रेस श्रेष्ठ

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) को **१६औं राष्ट्रिय महाधिवेशन**बाट उपाध्यक्ष निर्वाचित हुनुभएका हेटौंडा-१० स्थित तुल्सीमेहर मेमोरियल सेकेण्डरी स्कूलका संस्थापक **आशिष श्रेष्ठ**, सर्वसम्मत सहकोषाध्यक्षमा निर्वाचित हुनुभएकी हेटौंडा-३, बसामाडीस्थित शिक्षा विकास शिशु सदनकी संस्थापक प्रिन्सीपल **ग्रेस श्रेष्ठ**सहित नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

विनोद सुवेदी, अध्यक्ष

**एवम् प्याब्सन मकवानपुर परिवार**

हेटौंडा, मकवानपुर

हार्दिक बधाई



ग्रेस श्रेष्ठ



आशिष श्रेष्ठ

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) को **१६औं राष्ट्रिय महाधिवेशन**बाट सर्वसम्मत सहकोषाध्यक्षमा निर्वाचित हुनुभएकी यस शिक्षा विकास शिशु सदनकी संस्थापक प्रिन्सीपल **ग्रेस श्रेष्ठ**, उपाध्यक्ष निर्वाचित हुनुभएका हेटौंडा-१० स्थित तुल्सीमेहर मेमोरियल सेकेण्डरी स्कूलका संस्थापक **आशिष श्रेष्ठ**सहित नवनिर्वाचित समितिलाई हार्दिक बधाई ज्ञापन गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्दछौं ।

प्रदीपराज श्रेष्ठ, अध्यक्ष

**एवम् शिक्षा विकास शिशु सदन परिवार**

हेटौंडा-३, बसामाडी

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ